आज मिति २०८२ साल वैशाख महिनाको ८ गतेका दिन  यस घरपझोङ गाउँपालिका, गाउँ कार्यापालिकामा रहेको  नविन सोच पेटिका (Idea Box) मा परेको नवीन सोचका सम्बन्धमा यस घरपझोङ गाउँपालिका का अध्यक्ष श्री मोहनसिंह लालचनको संयोजकत्वमा तपशिलका शाखा प्रमुखको उपस्थितिमा खोली प्राप्त नवीन सोच सम्बन्धी भएको निर्णय ।

उपस्थित:

श्री मोहन सिंह लालचन, अध्यक्ष ,घरपझोङ गाउँपालिका, मुस्ताङ
श्री जमुना थापा मगर, उपाध्यक्ष, घरपझोङ गाउँपालिका मुस्ताङ
श्री वेदहरि अधिकारी, प्रमुख प्रशासकीय अधिकृत
श्री हिमलाल शर्मा, शिक्षा अधिकृत (आठौं) युवा तथा ~~पशु~~ खेलकुद शाखा
श्री आइत बहादुर थकाली, अधिकृत (सातौ) पशु विकास शाखा
श्री केदार सिंह थापा, अधिकृत (सातौ)  योजना शाखा
श्री सुजित बराल, लेखा अधिकृत (सातौ) आर्थिक प्रशासन शाखा
श्री विकास संज्याल, प्रशासकीय अधिकृत (सातौ) प्रशासन शाखा
श्री चक्र बहादुर बम, इन्जिनियर (सातौ) प्राविधिक शाखा प्रमुख
श्री कर्ण बहादुर थकाली, स्वास्थ्य शाखा प्रमुख
श्री सरिता थकाली, महिला बालवालिका तथा समाज कल्याण शाखा
श्री सुजिता थकाली, सूचना प्रविधि अधिकृत
श्री रोशन थकाली, कृषी विकास शाखा
श्री सर्मिला श्रीस, रोजगार शाखा प्रमुख
श्री सविना थकाली, जिन्सि शाखा प्रमुख

**नविन सोच सम्बन्धी रहेको विवरण:**

घरपझोङ गाउँपालिका वडा नं. ३ र ४ मा गर्नुपर्ने र भइरहेका गतिविधि बारे ।

- एकमात्र सार्वजनिक वसपार्क घरपझोङ ४ धोर्थाङ  जोमसोम स्थित लाइ सकेसम्म  छिटो संञ्चालनमा  ल्याउनु परो । अहिले त्यहाँ देखिएको तत्काल मर्मत गर्नुपर्नेमा  मेनगेट र वोर्ड देखिन्छ । बोर्ड सकेसम्म डिजिटल बत्तीमा भएमा अतिउत्तम हुनेछ ।बसपार्कको संञ्चालन परिक्षणको रुपमा गाउँपालिकाबाटै कर्मचारीको व्यवस्था गरि संञ्चालन गरेमा संञ्चालन खर्च

कम, रेष्टुरेन्ट पनि किफायती ढङ्गले संञ्चालन हुनेछ ।त्यसैगरि बस र जिपको काउण्टरलाई पनि आर्थिक भार कम  पर्ने देखिन्छ ।यसमा स्थानीयको पुर्ण सहयोग हुने देखिन्छ ।

- सडक बत्तीलाई दिगो प्रभावकारी ढङ्गले संञ्चालन गर्न कुनै निकायलाई जिम्मेवारि दिन सकिन्छ । जस्तै गाउँ सुधार समिति, क्लब, आमा समुह आदी । शूरुमा जडान खर्च र महशुल गाउँ पालिकाले व्यवस्थापन गर्ने त्यसपछी मर्मत सम्भारको सम्पुर्ण काम  सम्बन्धित गाउँसमाज वा साझेदार निकायले गर्नेछ र महशल मात्र  गाउँपालिकाबाट  ब्यवस्था गरिदिए हुन्छ । किनकि एयरपोर्ट र जोमसोममा साँझपख  हावा कम लाग्ने हुदा बत्तिको उज्यालोमा पर्यटकहरु घुम्न र रमाउन सक्नेछन, स्थानीयलाई त्यसैपनि सहज हुने भयो ।
- पर्यटन सूचना केन्द्र जोमसोमलाई प्रभावकारि र व्यवस्थित गर्नुपर्ने देखिन्छ ।एकजना कर्मचारिको व्यबस्था गरेर सूचना सम्प्रेषण  गर्ने लगायत अडियो भिडियो बाट  जानकारी दिने ठाउँको  रुपमा विकास गरिनुपर्छ ।
- फोहोरमैला व्यवस्थापनलाई अझ सशक्त ढङ्गले लैजानुपर्ने देखिन्छ। महिला समुह गाउँपालिका बिच समझदारी कायम गरेर  ठिक ठिक समय फोहोर मैलालाई जम्मा गर्ने उठाउने  कार्य हुनुपर्दछ । नगर प्रहरीलाई पनि यो काममा संलग्न गराउन सकिन्छ ।

<u>निर्णयहरु:</u>

1. घरपझोङ गाउँपालिकामा रहेका दुइवटा वसपार्कहरुलाइ व्यवस्थित रुपमा संञ्चालन गर्न विगतबाट पनी विभिन्न प्रयास भएका र वर्तमान अवस्थामा नयाँ ठेक्का प्रक्रिया सुरु गरि १५ दिने सुचना पनि पालिकाबाट निकालिसकिएको अवस्था रहेकाले वसपार्क व्यवस्थापनमा प्राप्त भएको नविन सोच अनुसार पालिकाको  कार्य अगाडि बढिरहेको अवस्था  छ ।
2. पालिकाभित्र र पालिका मातहत रहेका विभिन्न सार्वजिनिक स्थलमा रहेका विद्युतिय उपकरणहरु लाइ व्यवस्थित बनाउन, मर्तमत सम्भार गर्न पालिकाबाट एउटै छुट्टै जनशक्ति आवश्यक महसुस गरिएको र सो पुर्तिको लागि करार सम्झौताको प्रक्रियामा रहेको छ । चाढै नै यसको प्रक्रिया पुरा गरि जनशक्ति परिचालन गरि विद्युतिय समस्याहरु समाधान गरि उज्यालो घरपझोङ बनाउने पालिकाको पनि उदेश्य रहेकाले प्राप्त भएको नविन सोचलाइ नै आत्मसाथ पालिकाले गरेको छ ।
3. पर्यटन सूचना केन्द्रलाइ व्यवस्थापन गरि यस पालिकाबाट औपचारिक रुपमा उद्घाटन गरि काम तत्कालै सुचारु गर्ने पालिकाको कार्यसूचीमा रहेकाले पर्यटन सूचना केन्द्रवाट सेवा

प्रवाह गरि पर्यटकलाइ जानकारिमुलक सन्देश दिने पालिकाको उदेश्य रहेको हुनाले प्राप्त नविन सोच अनुसार नै पालिकाबाट कार्य हुने देखिन्छ ।

4. जिल्लास्तरवाटै फोहोर संकलन र व्यवस्थापनमा सवैको चासो रहेको अवस्थामा यस पालिकाले पनि फोहरो व्यवस्थापनको लागि विभिन्न उपायहरु अपनाउदै आएको छ जस्तै प्लाष्टिक झोला मुक्त पालिका गर्ने सम्बन्धमा अनुदानमा झोला वितरण गरिरहेको छ भने वर्गिकृत फोहोर संकलन गर्नको लागि विभिन्न सार्वजनिक स्थलमा फोहोर मलाइ लेखिएको कन्टेनर राखिएको छ साथै अन्य सरसफाइ र फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने कार्यक्रम हरु पनि पालिकाबाट संञ्चालन भैरहेको हुनाले प्राप्त भएको नविन सोच अनुसार नै पालिकाले फोहोर व्यवस्थापनको लागि कार्य गरिरहेको छ ।
5. यस घरपझोङ गाउँपालिकालाइ चारवट महत्वपुर्ण नविन सोच र सुझाव सल्लाह दिनुहुने महानुभावलाइ धन्यवाद ज्ञापन गरिन्छ ।

विषय:- सुझाव सहित नवीन सोच।

श्रीमान गाउँपालिका परिवार
घरपझोङ गाउँपालिका
घरपझोङ गाउँपालिकाको कार्यालय
जोमसोम-मुस्ताङ।

प्रस्तुत विषयमा, घरपझोङ गा.पा. वडा नं. ३ र ४ मा गर्नुपर्ने र भइरहेका गति-विधिबारे यहाँ पेश गरेकोछु।

सुझाव (१) एकमात्र सार्वजनिक बसपार्क घरपझोङ ४ थोर्थाङ जोमसोम स्थितलाई सकेसम्म छिटो संचालनमा ल्याउनु परो। अहिले त्यहाँ देखिएको तत्काल मर्मत गर्नुपर्ने मेनगेट र बोर्ड देखिन्छ। बोर्ड सकेसम्म डिजिटल बत्तीमा भएमा अतिउत्तम हुनेछ। बसपार्कको संचालन परिक्षणको रुपमा गाउँपालिका बाटै कर्मचारीको व्यवस्था गरेमा संचालन गरेमा संचालन खर्च कम, रेष्टुरेण्ट पनि किफायती ढंगले संचालन हुनेछ। त्यसैगरि बस, जिपको काउण्टरलाई पनि आर्थिक भार कम पर्ने देखिन्छ। यसमा स्थानीयको पूर्ण सहयोग हुने देखिन्छ।

(२) सडकबत्तीलाई दिगो र प्रभावकारी ढंगले संचालन गर्न कुनै निकाय लाई जिम्मेवार दिन सकिन्छ। जस्तै:- गाउँ सुधार समिति, क्लब, महिला (आमा) समुह आदि। शुरुमा जडान खर्च र महशुल गाउँपालिकाले व्यवस्था गर्ने। त्यसपछि मर्मत सम्भारको सम्पूर्ण काम सम्बन्धित गाउँ समाज वा साझेदारी निकायले गर्नेछ र महशुल मात्र गाउँपालिकाबाट व्यवस्था गरि दिए हुन्छ। किनकी एयरपोर्ट र जोमसोममा साँझपख हावा कमलाग्ने हुँदा बत्तिको उज्यालोमा पर्यटकहरु घुम्न र रमाउन सक्नेछन्। स्थानीयलाई त्यसै पनि सहज हुने भयो।

(३) पर्यटन सूचना केन्द्र जोमसोमलाई प्रभावकारी र व्यवस्थित गर्नुपर्ने देखिन्छ। एकजना कर्मचारीको व्यवस्था गरेर सूचना सम्प्रेषण गर्ने लगायत अडियो भिडियोबाट जानकारी दिने ठाउँको रुपमा विकास गरिनु पर्दछ।

(४) फोहोर मैला व्यवस्थापनलाई अझ सशक्त ढंगले लैजानुपर्ने देखिन्छ। महिला समुह गाउँपालिका बिच समझदारी कायम गरेर ठिक ठिक समय फोहोर मैलालाई जम्मा गर्ने उठाउने कार्य हुनु पर्दछ। नगरप्रहरीलाई पनि यो काममा संलग्न गराउन सकिन्छ।

२०७५/१२/३१